नगर कार्यपालिकाको
बैठक संख्या २७/२०७९-०८४
मिति २०८०/३/२५ को
निर्णय प्रमाणित

बैठक संख्याः २७/२०७९-०८४

मिति २०८० साल असार २५ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाको २०८० असार १५ गतेको बैठकको निर्णय समिक्षा गरी पारित गरियो । उक्त निर्णय प्रमाणित गरी वेवसाईटमा राख्ने र कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने ।

निर्णय नं. २

क. यस कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ मा छलफल भई टिपोट भएका विषयहरु समावेश गरी संशोधन गर्ने ।

ख. यस नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यबिधीमा आवश्यक संशोधन गर्ने ।

ग. यस नगरपालिकाको वडा नं. ११ मा निर्मित लामो दुरीको बसपार्क सञ्चालन एवं व्यवस्थापनका लागी कोहलपुर बसपार्क व्यवस्थापन कार्यबिधी, २०७९ मा देहाय बमोजिमका विषय लगायत प्रावधान थप गरी व्यवस्था रहने गरी संशोधन गर्ने :- कोहलपुर बसपार्क व्यवस्थापन कार्यबिधी, २०७९ को २० मा देहायको व्यवस्था थप गर्ने सम्झौता सम्बन्धी व्यवस्थामा "बोलपत्र स्वीकृत भई छनौट भएको फर्म/व्यवसायीसँग सम्झौता गर्दा कबोल अंकले हुन आउने रकमको ३ महिना बराबरको नगदै धरौटी लिने र ९ महिनाको बैंक ग्यारेण्टी लिई वार्षिक बैंक ग्यारेण्टी नविकरण गर्ने गरी ५ वर्षको अवधि रहने गरी सम्झौता गर्ने"

निर्णय नं. ३

तेह्रौ नगरसभाको तेस्रो बैठकको कार्यसूचीमा छलफल गरी स्वीकृत गरियो । साथै चालु आर्थिक वर्षको भुक्तानी दिन बाँकी (दायित्व) को विवरण नगरसभा बैठकमा छलफल एवं स्वीकृतीका लागी पेश गर्ने ।

निर्णय नं. ४

क. कोहलपुर बसपार्कको समग्र व्यवस्थापन प्रवेश, टिकट काउण्टर, शौचालय, मर्मत सम्भार ब्लक र पार्किङ राजस्व ठेक्काका लागी पेश भएका बोलपत्रहरु मध्ये बागेश्वरी यातायात व्यवसायी प्रा.लि., कोहलपुर ११, बाँकेले पेश गरेको कबोल

२०८०/३/२६
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २६/२०७९-०८०
मिति २०८०/३/२५ को
निर्णय प्रमाणित

अंक रु.७१,७७,७७७।-(अक्षेरुपी एकहत्तर लाख सतहत्तर हजार सात सय सतहत्तर रुपैयाँ)(मु.अ.कर सहित) स्कीकृत गर्ने र कबोल अंकले हुन आउने रकम रु.१७,९४,४४५।- को नगदै र बाँकी ९ महिना अवधिको कबोल अंकले हुन आउने रकम रु.५४,००,०००।- को म्याद भएको बैंक ग्यारेण्टी पेश गर्न लगाई प्रत्येक वर्ष बैंक ग्यारेण्टी नविकरण गरेमा म्याद थप गर्ने गरी ५(पाँच) वर्ष सम्म सम्झौता अवधी हुने गरी सम्झौता गर्ने ।

ख. नवनिर्मित कोहलपुर बसपार्क उदघाटनको विषयमा समिक्षा गरियो । बसपार्कमा राखिएको शीलालेखमा सम्बन्धित वडा समितिको पदाधिकारीहरुको नाम छुट हुन गएकाले बसपार्क रहेको ११ नं. वडाका वडा समिति पदाधिकारीहरुको नाम शीलालेखमा समावेश गरी थप शीलालेख राख्ने ।

निर्णय नं. ५

शिक्षा तथा खेलकुद शाखाको मिति २०८०/०३/२५ गतेको पत्रसाथ प्रासमा छलफल भयो । उक्त प्रस्तावमा उल्लेखित कोहलपुर नगरपालिका नगर शिक्षा ऐन २०७६ को दफा २४ को उपदफा १ मा रहेको नगर शिक्षा समिति सम्बन्धी व्यवस्थामा संशोधन सम्बन्धी प्रस्ताव नगरसभा बैठकमा पेश गर्ने।

निर्णय नं. ६

श्री रामजानकी राधाकृष्ण संस्कृत गुरुकुल विद्यालय, कोहलपुर १२ चप्परगौढी, बाँकेले सनातन धर्म रक्षाको उद्देश्यले विद्यालयमा दैनिक रुद्राभिषेक कार्यक्रम सञ्चालन हुँदै आएकोमा उक्त कार्यक्रम सञ्चालनमा सहयोग गर्न नेपाल महर्षि वैदिक फाउण्डेसन काठमाडौंलाई सहमति माग भई आएको हुँदा सहयोगका लागी सहमती प्रदान गर्ने ।

निर्णय नं. ७

बिगतदेखि नगर कार्यपालिकाको कार्यालयमा ज्यालादारीमा कार्यरत सवारी चालक कृष्ण राना, टंक प्रसाद पौडेल, माली दले खत्री र नगर स्वास्थ्य प्रबर्धन केन्द्र, शम्सेरगञ्ज अन्तर्गत बर्थिङ् सेन्टरमा कार्यरत सरसफाईकर्मी (क्लिनर) सुनिता मगरलाई करारमा नियुक्तिका लागि नगरसभामा पेश गर्ने ।

२०८०/३/२६
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत